प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

प.सं.२०७६/०७७
चलानी नम्बर 3089

मिति २०७७।०३।१४

विषय: सलह किरा संकलन गर्नेलाई प्रोत्साहन अनुदान दिने सम्बन्धमा।

श्री स्थानीय तह सबै,
प्रदेश नं. ५।

प्रस्तुत विषयमा मिति २०७७ साल असार १३ गते विहान देखि भारतबाट सलह किराको ठूलो झुण्ड रुपन्हेहीबाट प्रवेश भई तराई तथा मध्य पहाड क्षेत्रको खेतवारीमा लगाएका वालीनालीलाई व्यापक क्षति गरी कृषि क्षेत्रमा प्रतिकूल असर पार्ने अवस्था देखिएको छ।

सलह किरा नियन्त्रणका लागि उक्त किरालाई विभिन्न माध्यमबाट छोपी संकलन गरेर किराको संख्या घटाउदै जाँदा क्षति न्यूनिकरण गर्न सकिने भएकोले मन्त्रालयले यसरी संकलन गरेर सलह किरा ल्याउने जो कोहीलाई स्थानीय तहको वडा कार्यालयमा बुझाएमा प्रति केजी रु २० का दरले प्रोत्साहन रकम स्थानीय तहले उपलव्ध गराउने र यसको लागि मन्त्रालयले सोधभर्ना गर्ने निर्णय भएकोले तपशिल वमोजिमको विवरण सहित सोधभर्ना लिन अनुरोध गरिन्छ ।

तपसिल:

| क्र. स. | किरा संकलकको नाम | ठेगाना | किराको परिमाण | प्राप्त रकम | प्राप्त गर्नेको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

सादर अवगतार्थ:
मा. मन्त्री आरती पौडेल, भू.व्य.कृ.स.म., बुटवल।

बोधार्थ:
कृषि विकास निर्देशनालय, बुटवल।
(मातहतका सबै निकायहरुलाई जानकारी तथा समन्वय गर्नुहुन)

(तेज बहादुर सुवेदी)
सचिव

दर्ता नं. ५६८
मिति २०७७/३/१८

फोन नं: ०७१- ५४००२६, ५५००३९, ५५००६८, ५५००६६, ५५०१२३ e-mail address: molmac5.adm@gmail.com
molmac.p5.gov.np,

# डुडुवा गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय

बनकट्टी, बाँके ।

५ नं. प्रदेश नेपाल

मिति २०७७/०३/१७

सुचना सुचना सुचना

कृषि बालीमा सलह किरा आकस्मिक रुपमा बाँके जिल्लामा प्रवेश गर्ने सम्भावना बढी रहेकोले यस डुडुवा गाउँपालिकामा यसको प्रभाव देखिन सक्ने भएकोले सोको नियन्त्रणका लागि तपसिल बमोजिमको व्यवस्थापनका उपायहरु अपनाई बालीनाली जोगाउन सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

सलह ब्यवस्थापनका लागी बिभिन्न भौतिक जैबिक तथा रसायनिक बिधी अपनाउन सकिन्छ जस्तै

१ बाली खानुभन्दा पहिलै खेतबारीबाट सलहलाई धपाउन धुवाउने तथा ठुल्ठूला आवाजहरू निकाल्ने,
२ लामा डोरीहरू बारीको वारपार टाँगेर दुईजनाले दुईतिरबाट बालीनालीका बोटहरू हल्लाइदिने,
३ चराहरूलाई संरक्षण गर्ने,
४ नेटजालीको प्रयोग गरि विषादीरहीत सलह संकलन गरी पशुपंछी तथा माछाको दानाहरूमा प्रयोग गर्ने,
५ नर्सरी वा सानो क्षेत्रमा लगाइएको बालीलाई प्लास्टिक वा झुलले ढाक्ने ।
६ जैविक नियन्त्रणका लागि नोसेमा लोकुष्टा नामक प्रोटोजोवा वा मेटाराईजियम एनिसोप्लि नामक हरियो ढुसि प्रयोग गर्न सकिन्छ।

सलह उडनु अघि बिहानै रसायनिक बिषादीहरु जस्तै मालाथियन ५० प्रतिशत ई सि ३ मि ली वा क्लोरपाईरिफोस २० प्रतिशत ई सि १.९ मि ली प्रति लिटर पानिमा वा डेल्टामेथ्रिन ११ प्रतिशत ई सि १ मि लि प्रति ५ लिटर पानीमा मिसाई एक कट्ठामा २० लिटरका दरले तयारी घोल मसिनो फोहराको रुपमा छर्ने ।

**थप जानकारीका लागि**

नजिकको कृषि शाखा वा कृषि ज्ञान केन्द्र, बाँके वा बालि संरक्षण प्रयोगशाला खजुरा वा क्षेत्रीय कृषि अनुसन्धान केन्द्र खजुरामा सम्पर्क गर्नुहोस ।

Website:- duduwamun.gov.np
E-mail – krsisakha2076@gmail.com
Contact – 9858061800

डुडुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँके

# सलह किरा ब्यवस्थापन बारेमा कृषक दाजुभाई दिदी बहिनीहरुलाई अनुरोध

सलह फट्यांग्रा जस्तै देखिने किरा हो । एकल र झुन्डमा रहने सलहको रङ्ग फरक-फरक हुन्छ। ठूलो झुण्डमा रहने सलहको अपरिपक्व वयस्क गुलाबी हुन्छ र परिपक्व वयस्क पहेँलो रङ्गको हुन्छ। एकल प्रवृतिका सलहको वयस्कको रङ्ग खैरो हुन्छ।

यस किराले ठुलो क्षेत्रमा बाली तथा बोटबिरुवाको पात तथा कलिलो भाग खाई क्षति पुर्याउछ । एक दिनमा एउटा किराले आफ्नो शरीरको तौल बराबरको करिब २ ग्राम खान सक्छ ।

**व्यवस्थापन**

सलह ब्यवस्थापनका लागी बिभिन्न भौतिक जैबिक तथा रसायनिक बिधी अपनाउन सकिन्छ जस्तै

१ बाली खानुभन्दा पहिलै खेतबारीबाट सलहलाई धपाउन धुवाउने तथा ठुल्ठूला आवाजहरू निकाल्ने,

२ लामा डोरीहरू बारीको वारपार टाँगेर दुईजनाले दुईतिरबाट बालीनालीका बोटहरू हल्लाइदिने,

३ चराहरूलाई संरक्षण गर्ने,

४ नेटजालीको प्रयोग गरि विषादीरहीत सलह संकलन गरी पशुपंछी तथा माछाको दानाहरूमा प्रयोग गर्ने,

५ नर्सरी वा सानो क्षेत्रमा लगाइएको बालीलाई प्लास्टिक वा झुलले ढाक्ने ।

६ जैविक नियन्त्रणका लागि नोसेमा लोकुष्टा नामक प्रोटोजोवा वा मेटाराईजियम एनिसोप्लि नामक हरियो ढुसि प्रयोग गर्न सकिन्छ।

७ सलह उडनु अघि बिहानै रसायनिक बिषादीहरु जस्तै मालाथियन ५० प्रतिशत ई सि ३ मि ली वा क्लोरपाईरिफोस २० प्रतिशत ई सि १.९ मि ली प्रति लिटर पानिमा वा डेल्टामेथ्रिन ११ प्रतिशत ई सि १ मि लि प्रति ५ लिटर पानीमा मिसाई एक कट्ठामा २० लिटरका दरले तयारी घोल मसिनो फोहराको रुपमा छर्ने ।

**थप जानकारीका लागि**

नजिकको कृषि शाखा वा कृषि ज्ञान केन्द्र, बाँके वा बालि संरक्षण प्रयोगशाला खजुरा वा क्षेत्रीय कृषि अनुसन्धान केन्द्र खजुरामा सम्पर्क गर्नुहोस ।